# नेपाल जाइका अलमनाई एसोसिएसन (जान)

## को

## निर्वाचन सम्बन्धी निर्देशिका, २०७८

**नेपाल जाइका अलमनाई एसोसिएसन (जान)**

काठमाडौं, नेपाल

स्वीकृत मिति :२०७८/११/१४

स्वीकृत मिति :२०७८/११/१४

# नेपाल जाइका अलमनाई एसोसिएसन निर्वाचन सम्बन्धी निर्देशिका, २०७८

**प्रस्तावना:**

नेपाल जाइका अलमनाई एसोसिएसनको विधान २०४७ को दफा २३ बमोजिम नेपाल जाइका अलमनाई एसोसिएसन (जान) का सदस्यहरुले कार्यकारी समितिको निर्वाचन गर्ने सम्बन्धी व्यवस्थालाई स्पष्ट र व्यवस्थित गर्ने प्रयोजनको लागि कार्यकारी समितिले यो निर्देशिका बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस निर्देशिकाको नाम नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को निर्वाचन सम्बन्धी निर्देशिका, २०७८ रहनेछ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

(क) "विधान" भन्नाले नेपाल जाइका अलमनाई एसोसिएसनको विधान, २०४७ सम्झनु पर्दछ ।

(ख) "जान" भन्नाले नेपाल जाइका अलमनाई एसोसिएसन सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले जानको कार्यकारी समिति सम्झनु पर्दछ ।

(घ) "विनियम" भन्नाले नेपाल जाइका अलमनाई एसोसिएसनको विनियम, २०७० सम्झनु पर्दछ ।

(ङ) "निर्वाचन" भन्नाले विधानको दफा २३(२) बमोजिम समितिका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन सम्झनु पर्दछ ।

(च) "पदाधिकारी" भन्नाले जानका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष सम्झनु पर्दछ ।

(छ) "निर्वाचन उपसमिति" भन्नाले जानको विधानको दफा १८(४) बमोजिम समितिको निर्वाचन सम्पन्न गर्न समितिले गठन गरेको उपसमिति सम्झनु पर्दछ ।

(ज) "संयोजक" भन्नाले विधान बमोजिम निर्वाचन गराउने प्रयोजनका लागि समितिले तोकेको निर्वाचन उप समितिको संयोजक सम्झनु पर्दछ ।

(झ) "मतदाता" भन्नाले विनियमको विनियम ५.१ (३) बमोजिम समितिले उपलब्ध गराएको प्रमाणित मतदाताहरुको नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्दछ ।

(ञ) "उम्मेदवार" भन्नाले जानको विधान अनुसार कार्यकारी समितिका पदाधिकारी वा समिति सदस्य पदको निर्वाचनमा उम्मेदवार हुने व्यक्ति सम्झनु पर्दछ ।

३. **निर्वाचनको लागि साधारण सभा बोलाउने:**

समितिले समितिका पदाधिकारी तथा समिति सदस्यहरूको निर्वाचन गराउन कम्तीमा पन्ध्र दिनको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी निर्वाचन प्रयोजनको लागि साधारण सभा बोलाउने छ र सोही सभाबाट निर्वाचन हुनेछ ।

## ४. सदस्यता दिने कार्य स्थगित गर्ने:

समितिले निर्वाचन प्रयोजनका लागि यस निर्देशिकाको दफा ३ बमोजिम मिति तोकी सदस्यता नवीकरण र नयाँ सदस्यता लिने मिति समेत तोक्नेछ र त्यसपछि सो निर्वाचन नभए सम्मका लागि नयाँ सदस्यता दिने कार्य बन्द गर्नु पर्नेछ ।

## ५. मतदाता:

(१) विधानको दफा ९ बमोजिम जानका साधारण र आजीवन सदस्यहरु मतदाता रहने छन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विनियमको विनियम ५.१(३) बमोजिमका मतदाताहरुलाई मात्र मतदाता नामावलीमा समावेश गरिनेछ ।

(३) उपदफा (२) बमोजिम मतदाता नामावलीमा नाम समावेश नभएका सदस्यहरूले निर्वाचनमा उम्मेदवार हुन तथा मतदान गर्न पाउने छैनन् ।

तर विधानको दफा ९(५) वमोजिम निर्वाचन सम्बन्धी साधारण सभामा उपस्थित भई सक्रिय सदस्यमा परिणत भएमा मतदान गर्न पाउने छन् ।

## ६. मतदाता नामावली:

(१) समितिले दफा ५ को उपदफा (२) बमोजिमको मतदाता नामावली अनुसूची-१ को ढाँचामा तयार गरी प्रमाणित मतदाता नामावली एक प्रति निर्वाचन उपसमितिलाई उपलब्ध गराउनेछ ।

(२) जानको सक्रिय सदस्य मात्र मतदाता हुने हुँदा मतदाता नामावलीमा छुट हुन गएमा पनि जानको परिचयपत्र पेश गरेको खण्डमा त्यस्ता सदस्यलाई मतदाता हुनबाट वञ्चित गरिने छैन ।

(३) निर्वाचन उपसमितिले निर्वाचन कार्यक्रम तयार गरी मतदाताहरुको जानकारीको लागि जानको सूचना पाटीमा र जानको वेबसाइट (Website) मा समेत प्रकाशन गर्नेछ ।

(४) समितिबाट प्राप्त प्रमाणित मतदाता नामावली जानको सूचना पाटीमा दाबि विरोधको लागि समयावधि तोकी प्रकाशन गरिनेछ ।

(५) उपदफा (४) बमोजिमको समयावधि भित्र परेका दाबि विरोधको छानबिन गरी संशोधित नामावली जानको सूचना पाटीमा प्रकाशन गरिनेछ ।

## ७. निर्वाचन उपसमितिको गठन:

(१) समितिले जानको निर्वाचन प्रयोजनको लागि विधानको दफा २३(२) बमोजिम साधारण सदस्यहरु मध्येबाट एक जना संयोजक र दुई जना सदस्यहरु रहेको निर्वाचन उपसमिति निर्वाचन हुनु भन्दा एक महिना अगाडि नै गठन गर्नु पर्नेछ ।

(२) निर्वाचन उपसमितिले आवश्यकता अनुसार मतदान अधिकृत र अन्य सहयोगी कर्मचारी नियुक्त गरी मतदान कार्य सम्पन्न गराउन सक्नेछ ।

(३) निर्वाचनमा निर्वाचन उपसमितिका संयोजकले प्रमुख निर्वाचन अधिकृतको रुपमा र अन्य सदस्यहरुले निर्वाचन अधिकृतको रुपमा काम गर्नेछन् ।

## ८. निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्ने:

(१) निर्वाचन उपसमितिले समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र समिति सदस्यहरूको लागि अनुसूची-२ बमोजिमको ढाँचामा निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गरी अनुसूची-३ बमोजिमको ढाँचामा मुचुल्का गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित निर्वाचन कार्यक्रममा काबु बाहिरको परिस्थिति सिर्जना भई हेरफेर तथा थपघट गर्नु पर्ने भएमा समितिसँग परामर्श गरी निर्वाचन उपसमितिले हेरफेर तथा थपघट गर्न सक्नेछ ।

९. **मतदाताको नामावली प्रकाशन गर्ने:**

(१) अनुसूची-१ बमोजिमको ढाँचामा प्राप्त मतदाताको प्रमाणित नामावली निर्वाचन उपसमितिले प्रकाशन गरी अनुसूची-३ बमोजिमको मुचुल्का गराउनु पर्नेछ ।

(२) मतदाताको नामावलीमा नाम छुट भएका मतदाताले अनुसूची -४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर जाँचबुझ गरी अनुसूची-५ बमोजिमको ढाँचामा निर्वाचन उपसमितिले संशोधित मतदाता नामावली प्रकाशन गर्नु पर्नेछ ।

१०. **उम्मेदवार सम्बन्धी व्यवस्था:**

(१) उम्मेदवारको योग्यता विधानको दफा २४ बमोजिम हुनेछ ।

(२) विधानको दफा १५ को उपदफा १५.१ बमोजिम निवर्तमान अध्यक्ष बाहेक समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र समिति सदस्य पदमा मतदाता नामावलीमा उल्लेखित मतदाताहरु मध्येबाट उम्मेदवारी दिनु पर्नेछ ।

(३) निर्वाचन कार्यक्रम बमोजिम समितिका पदाधिकारीहरु तथा सदस्यहरुको निर्वाचनको लागि निर्वाचन उपसमितिबाट उपलब्ध नामाङ्कन (मनोनयन) पत्रमा उम्मेदवारहरुले एक जना समर्थक र एक जना प्रस्तावकले दस्तखत गरेको अनुसूची-६ बमोजिमको नामाङ्कन पत्र तोकिएको म्याद भित्र निर्वाचन उपसमितिमा दर्ता गराउनु पर्नेछ ।

(४) एक जना उम्मेदवारको प्रस्तावक तथा समर्थक भै सकेका मतदाता अन्य कुनै पनि उम्मेदवारको समर्थक वा प्रस्तावक हुन पाउने छैनन् । यस्तो भएको पाइएमा पछिल्लो नामाङ्कन पत्र स्वत: बदर हुनेछ ।

(५) उम्मेदवारले पेश गर्ने नामाङ्कनपत्र जानको विधान, विनियम र यस निर्देशिका अनुसार नभएमा त्यस्तो नामाङ्कन पत्र दर्ता गरिने छैन ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा कुरा लेखिएको भए तापनि देहायको व्यक्ति समितिका कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैनन्:-

(क) दफा ५ अनुसार मतदाता नामावलीमा नाम समावेश नभएको,

(ख) जानबाट कुनै प्रयोजनार्थ पेश्की लिएको वा कुनै पनि सम्पत्ति हिनामिना गरेको वा तिर्न बाँकी रकम समयमा नतिरी भाखा नघाएको,

(ग) नैतिक पतन हुने गरी फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको ।

११. **उम्मेदवारी दस्तुर:**

(१) उम्मेदरवारले आफ्नो नामाङ्कन पत्र दर्ता गर्दा देहाय बमोजिमको पदको लागि देहाय बमोजिम दस्तुर जानको कार्यालयमा बुझाएको नगदी रसिद सहित पेश गर्नु पर्नेछ:-

(क) अध्यक्ष पदको लागि रु. १५,०००।- (पन्ध्र हजार रुपैंया),

(ख) उपाध्यक्ष पदको लागि रु. १०,०००।- (दश हजार रुपैंया ),

(ग) महासचिव वा कोषाध्यक्ष पदको लागि रु. ८,०००।- (आठ हजार रुपैंया ),

(घ) सचिव वा सहकोषाध्यक्ष प्रत्येकको लागि रु. ६,०००।- (छ हजार रुपैंया ),

(ङ) समिति सदस्य पदको लागि रु. ५,०००।- (पाँच हजार रुपैंया ) ।

(२) उपदफा (१) अनुसार बुझाएको दस्तुर नामाङ्कन पत्र दर्ता गराई सकेपछि (उम्मेदवारी फिर्ता लिएको अवस्थामा समेत) फिर्ता हुने छैन ।

(३) उपदफा (१) बमोजिमको दस्तुर जानको कोषमा आम्दानी बाँधिनेछ ।

१२. **उम्मेदवारी दर्ता तथा उम्मेदवारको नामावली प्रकाशनः**

(१) नामाङ्कन पत्र दर्ता गर्ने म्याद भित्र प्राप्त नामाङ्कन पत्रहरु अध्ययन गरी प्रत्येक पदका उम्मेदवारहरुको नामावली जानको सूचना पाटीमा प्रकाशित गरिनेछ ।

(२) निर्वाचन उपसमितिले नामाङ्कनपत्र अनुसार विभिन्न पदमा उम्मेदवारी दिने उम्मेदवारले नाम फिर्ता लिन सक्ने म्याद तोकी जानको सूचना पाटीमा सूचना प्रकाशित गर्नु पर्नेछ ।

(३) नामाङ्कन फिर्ता लिने म्याद सकिए पछि निर्वाचन कार्यक्रम अनुसार उम्मेदवारको अन्तिम नामावली जानको सूचना पाटीमा प्रकाशित गरिनेछ ।

(४) एक व्यक्ति एक भन्दा बढी पदको लागि उम्मेदवार बन्न पाउने छैन र एकै व्यक्तिले एकभन्दा बढी पदमा मनोनयन दर्ता गराएमा सबै पदको मनोनयन रद्द हुनेछ ।

(५) उम्मेदवारको लागि दरखास्त दिँदा एक जना मतदाता सदस्यले प्रस्तावक र एक जना मतदाता सदस्यले समर्थकको रुपमा दस्तखत गरेको हुनु पर्नेछ । एक व्यक्ति एउटा उम्मेदवारको लागि प्रस्तावक वा समर्थक भैसकेपछि अर्को कुनै पनि उम्मेदवारको लागि प्रस्तावक वा समर्थक बन्न पाउने छैन ।

(६) निर्वाचन समितिका संयोजक र सदस्यहरु तथा कुनै पनि पदको उम्मेदवार कुनै पनि पदको उम्मेदवारको प्रस्तावक वा समर्थक बन्न पाउने छैन ।

(७) उपदफा (६) विपरीत प्रस्तावक वा समर्थक भई दर्ता भएको मनोनयन पत्र रद्द हुनेछ ।

(८) निर्वाचन उपसमितिले उम्मेदवारहरूको नामाङ्कन पत्र अनुसूची-७ बमोजिम दर्ता गरी सो को जाँचबुझ पश्चात अनुसूची-८ बमोजिमको ढाँचामा उम्मेदवारी दर्ता भएको क्रमका आधारमा नामावली प्रकाशित गरी अनुसूची-३ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ ।

(९) सबै पदको मनोनयन पत्रमा निर्वाचन उपसमितिका संयोजक वा सदस्यको दस्तखत हुनु पर्नेछ ।

१३. **दाबी विरोधः**

(१) कुनै पनि पदमा उम्मेदवारीका लागि दरखास्त दिने कुनै सदस्यले जानको विद्यमान विधान, विनियम तथा निर्वाचन निर्देशिकाको उल्लङ्घन गरी वा प्रक्रिया पूरा नगरी उम्मेदवारी दिएमा कुनै पनि मतदाताले अनुसूची-९ बमोजिम सबुद प्रमाण सहित उम्मेदवारी उपर दाबी विरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दाबी विरोध परेमा निर्वाचन उपसमितिले छानविन गर्दा सत्य प्रमाणित भएमा त्यस्तो व्यक्तिको नाम उम्मेदवारको सूचीबाट हटाउनेछ ।

१४. **उम्मेदवारले नाम फिर्ता लिन सक्नेः**

दफा १० बमोजिम उम्मेदवारको नामावलीमा उल्लेखित कुनै उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिन चाहेमा उम्मेदवार आफैं उपस्थित भई अनुसूची-१० को ढाँचामा उम्मेदवारी फिर्ताको निवेदन निर्वाचन उपसमिति समक्ष पेश गर्नु पर्नेछ र निर्वाचन उपसमितिले निजको उम्मेदवारी फिर्ता गरी अनुसूची-११ को ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

१५. **उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नेः**

दफा १४ बमोजिम नाम फिर्ता लिने अवधि समाप्त भएपछि सम्बन्धित पदको लागि कायम रहेका उम्मेदवारको अन्तिम नामावली अनुसूची-१२ बमोजिमको ढाँचामा तयार गरी प्रकाशन गर्नु पर्नेछ र यसरी अन्तिम नामावली प्रकाशन गरिएको अनुसूची-३ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ ।

१६. **निर्विरोध निर्वाचित भएको घोषणा गर्नेः**

दफा १५ बमोजिमको उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा कुनै पदमा निर्वाचन गर्ने पद संख्या भन्दा बढी उम्मेदवार कायम नभएमा निर्वाचन उपसमितिले त्यस्ता उम्मेदवारलाई अनुसूची-१३ को ढाँचामा निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

१७. **प्रतिनिधि नियुक्त गर्न सक्ने:**

(१) कुनै उम्मेदवारले आफ्नो तर्फबाट मतदान स्थल तथा मत गणना कार्यको रेखदेख गर्न आफ्नो तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यको लागि अनुसूची- १४ को ढाँचामा आफ्नो अधिकार दिंई प्रतिनिधि नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त गरिएको प्रतिनिधिलाई निर्वाचन उपसमितिले परिचयपत्र दिनेछ ।

१८. **मतपत्र:**

(१) अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सदस्य पदको लागि अनुसूची-१५ बमोजिमको ढाँचामा मतपत्र तयार गरी प्रयोग गरिनेछ ।

(२) मतपत्रमा उम्मेदवारको नाम समावेश गर्दा मनोनयन पत्र दर्ता भएको क्रमको आधारमा समावेश गर्नु पर्नेछ ।

१९. **मतदान कार्य संचालन:**

(१) निर्वाचन उपसमितिले निर्वाचनको निमित्त मतदान गर्ने दिन, समय, स्थान र कार्यविधि तय गरी सोको सूचना जानको सूचना पाटीमा प्रकाशन गर्नु पर्नेछ ।

(२) निर्वाचनको लागि साधारण सभामा कुल मतदान गर्ने सदस्यहरुको गणपूरक संख्या कुल मतदाता संख्याको पच्चीस प्रतिशत भन्दा बढी हुनेछ । यस प्रयोजनका लागि उपस्थित मतदाताको रजिष्टर कायम गरी गणपूरक संख्या पुगेको नपुगेको निश्चित गरिनेछ ।

(३) मतदान सुरु गर्नको लागि गणपुरक संख्या आवश्यक पर्ने छैन र निर्वाचन उपसमितिले तोकेको समयमा मतदान सुरु हुनेछ ।

तर निर्वाचनले वैधता प्राप्त गर्न मतदान गर्न तोकिएको अन्तिम समय सम्म कुल मतदाता संख्याको पच्चीस प्रतिशत मतदान भएको हुनु पर्नेछ ।

(४) निर्वाचन प्रयोजनको लागि बोलाइएको साधारण सभामा मतदान हुँदा कुल मतदाता संख्याको पच्चीस प्रतिशत मतदान नभई गणपुरक संख्या पुरा नभएमा सो दिनको मतदान बदर गरी निर्वाचन उपसमितिले पन्ध्र दिन भित्रमा अर्को मतदानको मिति तोकी मतदान गराउनु पर्नेछ ।

तर पहिलो पटक निर्वाचन प्रयोजनको लागि बोलाइएको साधारण सभामा मतदान हुँदा गणपुरक संख्या नपुगी दोस्रो पटक निर्वाचन प्रयोजन तथा मतदानको लागि बोलाइएको साधारण सभामा विधानको दफा १३ (२) बमोजिम सो सभामा उपस्थित सदस्यहरुको संख्यालाई नै गणपुरक संख्या मानिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनमा सम्पूर्ण पदहरु निर्विरोध भै निर्वाचन उपसमितिले सम्पूर्ण पदाधिकारी तथा समिति सदस्यहरु निर्विरोध निर्वाचित भएको घोषणा गरेमा निर्वाचित पदाधिकारी तथा समिति सदस्यहरु प्रति सम्पूर्ण मतदाताहरुको समर्थन रहेको मानिनेछ र निर्वाचन प्रयोजनको लागि बोलाइएको साधारण सभामा उपस्थित सदस्यहरुको संख्यालाई नै गणपुरक संख्या मानिनेछ ।

(६) निर्वाचन उपसमितिले मतदान केन्द्रको क्षेत्र तोकी घोषणा गर्नु पर्नेछ । त्यस्तो क्षेत्रभित्र अनुसूची-१६ बमोजिमको ढाँचाको अनुमति पत्र प्राप्त गर्ने सम्बन्धित व्यक्ति बाहेक अन्य व्यक्तिलाई प्रवेश निषेध गरिनेछ ।

(७) मतदान केन्द्रको सुरक्षार्थ सुरक्षाकर्मीको आवश्यकता पर्ने भएमा सोको प्रबन्ध जानको सचिवालयले मिलाउनु पर्नेछ ।

(८) मतदान सुरू हुनु अघि उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा मतपेटिका खोली देखाउनु पर्नेछ । मतपेटिका बन्द (शिलछाप) गरेको मुचुल्का अनुसूची-३ बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

(९) मतदान शुरू भएको मुचुल्का अनुसूची-३ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

(१०) उम्मेदवारलाई गोप्य मतदानको आधारमा मत प्रदान गरिनेछ ।

(११) गोप्य स्थानमा मत संकेत गर्ने र सबैले देख्ने स्थानमा मतपेटिकामा मत खसाल्ने व्यवस्था गर्नु पर्नेछ ।

२०. **मतदान प्रक्रिया:**

(१) अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष तथा समितिका सबै सदस्य पदको लागि सबै मतदाताले मतदान गर्न सक्नेछन् ।

(२) मतदातालाई मतपत्र दिँदा मतदाता नामावलीमा रेजा (✓) लगाई दस्तखत गराउनु पर्नेछ ।

(३) एक प्रतिनिधि एक मतको आधारमा आफै उपस्थित हुने मतदातालाई मात्र मतदान गर्न दिनु पर्नेछ ।

(४) मतदाताले मतदान अधिकृतको दस्तखत भएको मतपत्र लिई गोप्य स्थानमा गई आफुले मत दिन चाहेको उम्मेदवारको नाम, थर भएको कोठाभित्र पर्ने गरी रेजा (✓) लगाई मत संकेत गरी मतपेटिकामा खसाल्नु पर्नेछ ।

(५) मतदान कार्य समाप्त भएपछि अनुसूची-३ को ढाँचा बमोजिम मुचुल्का गर्नु पर्नेछ ।

२१. **मतगणनाको प्रक्रिया:**

(१) मतदानको लागि तोकिएको समय समाप्त भए पछि मतगणना सुरू गर्नु पर्नेछ ।
तर मतदानको लागि तोकिएको समयभित्र मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदाताले मतदान नगरेसम्म मतगणना सुरु गरिने छैन ।

(२) मतदानमा एक भन्दा बढी मतपेटिका प्रयोग गरिएको अवस्थामा सबै मतपेटिकामा रहेका मतपत्रहरू मिसाएर मात्र मत गणना गर्नु पर्नेछ ।

(३) मत गणना निर्वाचन उपसमिति र उम्मेदवार वा प्रतिनिधिहरूको सहमति अनुसार सुरू गरिनेछ ।

(४) मत गणना गर्दा अनुसूची-१७ बमोजिमको ढाँचामा सदर बदर मत विवरण उल्लेख गरी मुचुल्का गर्नु पर्नेछ ।

(५) मतगणनामा दुई उम्मेदवार वीच मत संख्या बराबर भएमा निर्वाचन उपसमितिले गोलाप्रथाबाट निर्वाचित उम्मेदवार छनोट गर्नेछ ।

(६) निर्वाचन सम्बन्धी अन्य प्रकृया निर्वाचन उपसमितिले तोके बमोजिम हुनेछ ।

२२. **मतपत्र सदर बदर हुन सक्ने:**

(१) दुई उम्मेदवारहरूको कोठामा पर्ने गरी रेजा चिन्ह (✓) लगाई दुई उम्मेदवार मध्ये एकलाई मत दिएको हो भन्ने प्रष्ट नभएमा, आवश्यक भन्दा बढी कोठामा रेजा चिन्ह (✓) लगाएमा, मत पत्रमा मतदान अधिकृत/निर्वाचन अधिकृतको सही नभएको तथा परिचित गराउने खालका कुनै संकेत प्रयोग गरिएको वा केरमेट भएको भएमा त्यस्तो मतपत्र बदर हुनेछ ।

(२) आवश्यक भन्दा कम उम्मेदवारको कोठामा रेजा चिन्ह (✓) लगाएको, एउटै उम्मेदवारको कोठामा एक भन्दा बढी चिन्ह लगाएको, एक उम्मेदवारको कोठामा चिन्ह लगाएको तर अर्को उम्मेदवारको कोठामा छुन पुगेको भए तापनि मत संकेत एकै उम्मेदवारलाई गरेको हो भन्ने प्रष्ट देखिएको मतपत्र सदर मानिनेछ ।

(४) मतपत्र सदर वा बदर गर्ने सम्बन्धमा निर्वाचन उपसमितिले उम्मेदवार वा प्रतिनिधिको रोहवरमा मतगणना अगाडि नै प्रकृयाहरू निर्धारण गर्नु पर्नेछ ।

(५) मतपत्र सदर वा बदर गर्ने निर्वाचन उपसमितिको निर्णय अन्तिम हुनेछ ।

(६) मतगणनामा मतपत्रको वैधता र अवैधता बारेमा निर्वाचन उपसमितिको निर्णय अन्तिम हुनेछ ।

२३. **निर्वाचन परिणाम घोषणा गर्ने:**

(१) निर्वाचन सम्पन्न भएकै दिन मतगणना कार्य पूरा गरी निर्वाचित पदाधिकारीहरु र सदस्यहरुको नामावली जानको सूचना पाटीमा टाँसिनेछ ।

(२) निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई निर्वाचन उपसमितिले प्रमाणपत्र प्रदान गर्नेछ ।

(३) निर्वाचन परिणाम अनुसूची-१८ बमोजिमको ढाँचामा तयार गरी निर्वाचन परिणाम घोषणा गर्नु पर्नेछ ।

(४) कार्यसमितिका लागि आवश्यक पर्ने पद भन्दा बढी उम्मेदवारहरु भई मतदान भएकोमा बढी मत प्राप्त गर्ने उम्मेदवारहरूलाई निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(५) कुनै पनि पदको निर्वाचनमा मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गरिनेछ ।

२४. **प्रमाणपत्र वितरण तथा शपथ ग्रहण:**

(१) निर्वाचनमा निर्वाचित उम्मेदवारलाई अनुसूची-१९ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(२) निवाचित उम्मेदवारहरूलाई निर्वाचन उपसमितिका संयोजकले अनुसूची-२० बमोजिम शपथ ग्रहण गराउनु पर्नेछ ।

२५. **निर्वाचन स्थगित गर्न सक्ने:**

(१) निर्वाचन गराउन नसकिने कावु भन्दा वाहिरको परिस्थिति सिर्जना भएमा निर्वाचन उपसमितिले निर्धारित निर्वाचन स्थगित गर्न सक्नेछ र परिस्थिति अनुकुल हुना साथ स्थगित निर्वाचन गराउनु पर्नेछ ।

(२) कुनै उम्मेदवारको मृत्यू भएमा सो पदको निर्वाचन मात्र निर्वाचन उपसमितिले स्थगित गर्न सक्नेछ ।

२६. **कागजात पेश गर्ने:**

मतदान कार्यको समाप्ति र निर्वाचित उम्मेदवारको घोषणा गरी सकेपछि निर्वाचन उपसमितिले निर्वाचन सम्बन्धी सम्पूर्ण कागजातहरू पन्जिका सहित जानको कार्यालयमा बुझाउनु पर्दछ ।

२७. **विविध:**

(१) निर्वाचन उपसमितिले गरेका सबै निर्णयहरु निर्णय पुस्तिका (माइन्यूट बुक) मा लेखी उपसमितिका संयोजक र सदस्यहरुले दस्तखत गरी अभिलेख राख्नु पर्नेछ ।

(२) निर्वाचन उपसमितिले तयार गरेका गणपूरक संख्याको लागि कायम गरेको रजिष्टर, मतपत्र, मत पेटिका सिल गरेको मुचुल्का, मत पेटिका खोल्दा मत पेटिका दुरुस्त रहेको मुचुल्का, निर्वाचित पदाधिकारीहरु तथा सदस्यहरुको नाम उल्लेखित विवरण, निर्वाचन कार्यक्रम आदि जस्ता विवरणहरुमा निर्वाचन उपसमितिका संयोजक र सबै सदस्यहरुले दस्तखत गरी अभिलेख राख्नु पर्नेछ ।

(३) यस निर्देशिकामा उल्लेखित नभएका निर्वाचन सम्बन्धी अन्य कुराहरु जानको विधान, विनिमय र कार्यसमितिले समय समयमा गरेका निर्णय बमोजिम हुनेछ र यस निर्देशिकामा उल्लेख भएको भन्दा बाहेक निर्वाचन सम्बन्धमा कुनै निर्णय भएको भए कार्यसमितिले निर्वाचन उपसमितिको पहिलो बैठकको दिनमा जानकारी गराउनु पर्नेछ ।

JICA ALUMNI ASSOCIATION OF NEPAL 1973 JAAN

अनूसूची -१

(निर्वाचन निर्देशिकाको दफा ६ (१) र ९(१) सँग सम्बन्धित)

## मतदाता नामावली

| मतदाता क्र. सं | मतदाताको नाम,थर | मतदाताको किसिम | | कैफियत |
|---|---|---|---|---|
| | | आजीवन सदस्यता नं. | साधारण सदस्यता नं. | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

............................................... ...............................................

महासचिव
नेपाल जाइका अलमनाई एसोसिएसन (जान)

अध्यक्ष
नेपाल जाइका अलमनाई एसोसिएसन (जान)

मिति :

अनुसूची-२

(निर्वाचन निर्देशिकाको दफा ८(१) सँग सम्बन्धित)

## नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को निर्वाचन कार्यक्रमको सूचना

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को विधानको दफा १५ वमोजिम अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष पद एक/एक जना र ६ जना समिति सदस्य गरी जम्मा १२ पदको निर्वाचनको लागि तपसील अनुसार निर्वाचन गरिने कार्यक्रम भएको हुँदा निर्वाचन निर्देशिका, २०७८ को दफा ८ वमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यक्रम

| क्र.सं. | विवरण | स्थान | मिति | समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | मतदाताको प्रथम नामावली प्रकाशन | | | | |
| २. | प्रकाशित मतदाता नामावली माथि दाबी विरोध | | | | |
| ३ | दाबी विरोध पछिको अन्तिम मतदान नामावली प्रकाशन | | | | |
| ४. | कार्यकारी समितिका पदाधिकारी तथा सदस्य पदका लागि उम्मेदवारी मनोनयन दाखिला | | | | |
| ५. | पदाधिकारी तथा सदस्य पदका उम्मेदवारहरुको प्रथम नामावली प्रकाशन | | | | |
| ६. | उम्मेदवारी उपर दाबी विरोध | | | | |
| ७. | दाबी विरोध पछिको नामावली प्रकाशन | | | | |
| ८. | उम्मेदवारहरुले आफ्नो उम्मेदवारी फिर्ता लिन चाहेमा फिर्ता लिने | | | | |
| ९. | उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन | | | | |
| १०. | मतदान | | | | |
| ११. | मतगणना | | | | |
| १२. | निर्वाचन परिणाम घोषणा | | | | |
| १३. | निर्वाचित पदाधिकारी र सदस्यहरुको नामावली प्रकाशन | | | | |
| १४. | निर्वाचित व्यक्तिहरुलाई सपथ ग्रहण | | | | |
| १५. | निर्वाचित व्यक्तिहरुलाई प्रमाणपत्र वितरण | | | | |

**दस्तखत :**

**सदस्य, निर्वाचन उपसमिति**

**मिति :**

**समय :**

**दस्तखत :**

**संयोजक, निर्वाचन उपसमिति**

## अनुसूची -३

(निर्वाचन निर्देशिकाको दफा ८(१), ९(१), १२(८), १५, १९(८), १९(९) र २०(५) सँग सम्बन्धित)

............................................................................................ को मुचुल्का

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को कार्यकारी समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष पद एक/एक जना र ६ जना समिति सदस्य गरी जम्मा १२ पदको पदको निर्वाचन प्रयोजनको लागि ........................................... मा मिति .............................. बजे ..........................हामी तपसिलका व्यक्तिहरूको रोहवरमा निर्वाचन उपसमितिले जानको कार्यालयमा सम्बन्धित सबैले देख्ने गरी सूचना प्रकाशित गरेको/ मतदान शुरु गर्नको लागि मतपेटिका खोलेर देखाई बन्द गरेको /मतदान शुरु भएको /मतदान समाप्त भएको ठीक साँचो हो भनी यो मुचुल्कामा सही गरिदियौं ।

तपसिल

१. नाम थर, उमेर : दस्तखत :

वडा नं. ............ टोल ....................

नगरपालिका/गाउँपालिका .................. जिल्ला ........................

२. नाम थर, उमेर : दस्तखत :

वडा नं. ............ टोल ....................

नगरपालिका/ गाउँपालिका .................. जिल्ला ........................

३. नाम थर, उमेर : दस्तखत :

वडा नं. ............ टोल ....................

नगरपालिका/ गाउँपालिका .................. जिल्ला ........................

मुचुल्का गराउनेको सही :

नाम थर :

पद :

JICA ALUMNI ASSOCIATION OF NEPAL 1973 JAAN

अनुसूची-४
(निर्वाचन निर्देशिकाको दफा ९(२) सँग सम्बन्धित)

**मतदाता नामावलीमा नाम छुटेकोले समावेश गर्न दिने निवेदन**

श्री संयोजकज्यू
निर्वाचन उपसमिति
जान, काठमाडौं ।

महोदय,
नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष पद एक/एक जना र ६ जना समिति सदस्य, गरी जम्मा १२ पदको निर्वाचन गर्नको निमित्त मिति .......................... मा प्रकाशित मतदाता नामावलीमा मेरो नाम छुटेकोले निम्न बमोजिमको विवरण सहित मेरो नाम समावेश गरिदिनु हुन अनुरोध गर्दछु ।

विवरण

दस्तखत :

मिति : नाम थर :

समय : मतदाता क्रम संख्या :

आजीवन/साधारण सदस्यता नं. :

Kalika Shrestha

अनुसूची -५
(निर्वाचन निर्देशिकाको दफा ९(३) सँग सम्बन्धित)

## संशोधित मतदाता नामावली प्रकाशन

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष पद एक/एक जना र ६ जना समिति सदस्य, गरी जम्मा १२ पदको निर्वाचनको लागि मिति ........................ मा प्रकाशित मतदाता नामावलीमा नाम समावेश हुन छुटेको, समावेश नाम हटाउनु पर्ने, नाम, थर, उमेर ठेगाना जस्ता व्यहोरा उपर परेको दाबी विरोध माथि जाँचवुझ गरी प्रथम पटक प्रकाशित मतदाता नामावलीमा यथावत वा निम्नानुसार संशोधित मतदाता नामावली अन्तिम रूपमा प्रकाशित गरिएको छ।

थप्नु पर्ने नामावली :

..........................

..........................

हटाउनु पर्ने नामावली :

..........................

..........................

संशोधित नामावली :

| मतदाता क्र. सं | मतदाताको नाम, थर | मतदाताको किसिम | | कैफियत |
|---|---|---|---|---|
| | | आजीवन सदस्यता नं. | साधारण सदस्यता नं. | |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |

**दस्तखत :**

**सदस्य, निर्वाचन उपसमिति**

**दस्तखत :**

**संयोजक, निर्वाचन उपसमिति**

**मिति :**

**समय :**

अनुसूची-६
(निर्वाचन निर्देशिकाको दफा १०(३) सँग सम्बन्धित)

**<u>उम्मेदवारको मनोनयन पत्र</u>**

श्रीमान संयोजकज्यू
निर्वाचन उपसमिति, जान ।

**<u>विषय : उम्मेदवारको लागि मनोनयन पेश गरेको बारे ।</u>**

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को .......... साल .......... महिना ......... गते हुने कार्यकारी समितिको निर्वाचनमा..........................................पदको उम्मेदवार हुन देहायका प्रस्तावक तथा समर्थक समेतको दस्तखत गराई आवेदन पेश गरेको छु ।

**<u>आवेदकको :</u>**
पूरा नाम थर...........................
साधारण/आजीवन सदस्यता नं......
शुल्क बुझाएको रसिद नं................
दस्तखत : .........................................
मिति : ............................

**<u>प्रस्तावकको :</u>**
पूरा नाम थर...............
साधारण/आजीवन सदस्यता नं..............
दस्तखत : ..................

**<u>समर्थकको :</u>**
पूरा नाम थर ..........................
साधारण/आजीवन सदस्यता नं. .............
दस्तखत : .....................

**द्रष्टव्य : उम्मेदवारको मनोनयन फारम दर्ता गर्दा बुझाएको दस्तुर मनोनयन फिर्ता लिएको अवस्थामा पनि फिर्ता हुने छैन ।**

JICA ALUMNI ASSOCIATION OF NEPAL
1973
JAAN

अनुसूची-७
(निर्वाचन निर्देशिकाको दफा १२(८) सँग सम्बन्धित)

## नामाङ्कन (मनोनयन) पत्र दर्ता फारम

| दर्ता नं. | उम्मेदवारको विवरण | | | | प्रस्तावकको विवरण | | | समर्थकको विवरण | | | दर्ता समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम,थर | पद | मतदाता क्र. सं. | सदस्यता नं. | नाम,थर | मतदाता क्र. सं. | सदस्यता नं. | नाम,थर | मतदाता क्र. सं. | सदस्यता नं. | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

दस्तखत :

सदस्य, निर्वाचन उपसमिति

दस्तखत :

संयोजक, निर्वाचन उपसमिति

JICA ALUMNI ASSOCIATION OF NEPAL 1973 JAAN

अनुसूची-८

(निर्वाचन निर्देशिकाको दफा १२(८) सँग सम्बन्धित)

## मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष पद एक/एक जना र ६ जना समिति सदस्य पदपूर्तिका लागि मिति : ........... मा हुने निर्वाचनमा उम्मेदवार हुन देहायका व्यक्तिहरूको मनोनयन पत्र यस निर्वाचन उपसमितिको कार्यालयमा दर्ता भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | पद | उम्मेदवारको नाम, थर | आजीवन/सदस्यता नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**दस्तखत :**

**सदस्य, निर्वाचन उपसमिति**

**दस्तखत :**

**संयोजक, निर्वाचन उपसमिति**

**मिति :**

**समय :**

अनुसूची-९
(निर्वाचन निर्देशिकाको दफा १३ (१) सँग सम्बन्धित)

## उम्मेदवारको विरोधमा दिने दाबी विरोध फाराम

श्री संयोजकज्यू,
निर्वाचन उपसमिति
जान, काठमाडौं ।

महोदय,

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष पद एक/एक जना र सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवार हुन मनोनयन पत्र दर्ता भई उम्मेदवारको नामावली प्रकाशित भएका श्री ......................................... निम्न लिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको दर्ता भएको मनोनयन पत्र बदर होस भनी यो उजुरी पेश गरेको छु ।

कारण :

..................................................................................................................................................................

..................................................................................................................

नाम :

दस्तखत :

मतदाता क्र.सं. :

आजीवन/साधारण सदस्यता नं. :

(निर्वाचन उपसमितिले भर्ने)

यो उजुरी मितिः ................................. मा .................. वजे ................................................................ वा निजको प्रतिनिधि श्री ................................................... ले मेरो समक्ष प्रस्तुत गरेको हो ।

मिति : दस्तखत :

समय : सदस्य, निर्वाचन उपसमिति

निर्णय

जानको विधान, जानको विनियम र निर्वाचन निर्देशिका बमोजिम यो उजुरी उपर जाँच गरेर तपसीलमा उल्लेख भए बमोजिम गर्ने निर्णय गरियो ।

(निर्णयको संक्षिप्त विवरण) ..................................................................................................................

**दस्तखत :** **दस्तखत :**

**सदस्य, निर्वाचन उपसमिति** **संयोजक, निर्वाचन उपसमिति**

**मिति :**

**समय :**

अनुसूची-१०

(निर्वाचन निर्देशिकाको दफा १४ सँग सम्बन्धित)

## उम्मेदवारको नाम फिर्ता लिने निवेदन

श्री संयोजकज्यू,
निर्वाचन उपसमिति
जान, काठमाडौं ।

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को आजीवन/साधारण सदस्यता नं. ... को म....... नेपाल जाइका अलमनाई एशोसियसन (जान) को समितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष पद एक/एक जना र सदस्य पदको लागि हुने पदको निर्वाचनमा उम्मेद्वार हुन मितिः ............................... मा मनोनयन पत्र दाखिला भई मेरो नाम उम्मेद्वारको नामावलीमा समावेश भई प्रकाशित भएकोमा सो निर्वाचनमा उम्मेद्वार हुन हाल मलाई इच्छा नभएकोले आफ्नो राजीखुशिले उम्मेद्वारको नामावलीबाट आफ्नो नाम फिर्ता लिन चाहेको हुँदा मेरा नाम उम्मेदवारको सूचिबाट हटाइ दिनु हुन अनुरोध गर्दछु ।

नाम :

दस्तखत :

मतदाता क्रम संख्या :

आजीवन/साधारण सदस्यता नं. :

माथि उल्लेखित उम्मेदवारबाट नाम फिर्ता लिने पत्र निर्वाचन उपसमितिमा मिति ...................... को ....... बजे प्राप्त भै उम्मेदवारी फिर्ता गर्न मिल्ने/नमिल्ने निर्णय गरियो ।

**दस्तखत :**

**सदस्य, निर्वाचन उपसमिति**

**दस्तखत :**

**संयोजक, निर्वाचन उपसमिति**

**मिति :**

**समय :**

अनुसूची-११

(निर्वाचन निर्देशिकाको दफा १४ सँग सम्बन्धित)

## उम्मेदवारको सूचीबाट नाम फिर्ता लिएको सूचना

नेपालल जाइका अलमनाई एसोसिएसन (जान) को कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष पद एक/एक जना र ६ जना समिति सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेद्वार हुन मनोनयन पत्र दाखिला भई उम्मेदवार भएका निम्न लिखित व्यक्तिहरूले उम्मेदवारको नामावलीबाट आफ्नो नाम फिर्ता लिएको हुनाले निजहरूको नाम उम्मेदवारको नामावलीबाट हटाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | नामाङ्कन पत्र दर्ता नं. | उम्मेदवारको नाम, थर | आजीवन/साधारण सदस्यता नं. | पद | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

दस्तखत :

सदस्य, निर्वाचन उपसमिति

दस्तखत :

संयोजक, निर्वाचन उपसमिति

मिति :

समय :

अनुसूची-१२

(निर्वाचन निर्देशिकाको दफा १५ सँग सम्बन्धित)

## उम्मेद्वारको अन्तिम नामावली प्रकाशन

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष पद एक/एक जना र ६ जना समिति सदस्य पदको निर्वाचनमा उम्मेदवार हुन मनोनयन पत्र दाखिला भई उम्मेदवार भएको व्यक्तिहरूमध्ये कायम रहन आएका निम्न उम्मेदवारको अन्तिम नामावली सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | आजीवन/साधारण सदस्यता नं. | पद | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**दस्तखत :**

**सदस्य, निर्वाचन उपसमिति**

**दस्तखत :**

**संयोजक, निर्वाचन उपसमिति**

**मिति :**

**समय :**

अनुसूची-१३

(निर्वाचन निर्देशिकाको दफा १६ सँग सम्बन्धित)

## निर्विरोध निर्वाचित भएको घोषणा

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष पद एक/एक जना र ६ जना समिति सदस्य पदको निर्वाचनमा आवश्यक उम्मेद्वार भन्दा वढी संख्या नभएकोले निम्न वमोजिमको व्यक्तिलाई निर्विरोध निर्वाचित भएको घोषणा गरिएको छ ।

१. नाम थर: ............................................ आजीवन/साधारण सदस्यता नं..........................

२. निर्विरोध निर्वाचित पद: .......................................

**दस्तखत :**

**सदस्य, निर्वाचन उपसमिति**

**दस्तखत :**

**संयोजक, निर्वाचन उपसमिति**

**मिति :**

**समय :**

JICA ALUMNI ASSOCIATION OF NEPAL 1973 JAAN

अनुसूची-१४
(निर्वाचन निर्देशिकाको दफा १७(१) सँग सम्बन्धित)

## उम्मेदवारको प्रतिनिधि नियुक्त

श्री...............................
.....................................

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष पद एक/एक जना र ६ जना समिति सदस्य पदको निर्वाचनमा मेरो तर्फबाट मतदान तथा मतगणना कार्यको रेखदेख लगायतका सम्पूर्ण कार्य गर्नको लागि तपाईलाई प्रतिनिधि नियुक्त गरेको छु । तपाईबाट भए गरेको काममा मेरो पूर्ण मञ्जुरी छ ।

उम्मेदवारको विवरण :
नाम, थर : ...............................................................................
मतदाता क्र.नं.: ........................ आजीवन/साधारण सदस्यता नं. ..........
मिति : .............................      दस्तखत : .....................................

माथि उल्लेखित उम्मेदवारको प्रतिनिधि हुन मञ्जुर गर्दछु । उम्मेदवार श्री .................................... ले मेरा रोहवरमा दस्तखत गरेको ठीक साँचो हो । यदि सो कुरा झुठा ठहरेमा प्रचलित कानून बमोजिम सजाय भोग्न पनि मलाई मञ्जुर छ ।
नाम, थर : .............................................
ठेगाना : ..............................................
दस्तखत : .............................................
मिति : ........................

वोधार्थ तथा कार्यार्थ :
श्री संयोजकज्यू
निर्वाचन उपसमिति, जान ।
......................................................

---

यो नियुक्ति पत्रको बोधार्थ पत्र निर्वाचन उपसमितिको कार्यालय ........................................................... मा मेरो/हाम्रो समक्ष दाखिला भएको हो ।

**दस्तखत :**
**सदस्य, निर्वाचन उपसमिति**

**दस्तखत :**
**संयोजक, निर्वाचन उपसमिति**

**मिति :**
**समय :**

अनुसूची-१५

(निर्वाचन निर्देशिकाको दफा १८(१) सँग सम्बन्धित)

**मतपत्र**

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सदस्य पदका लागि

| क्र.सं. | पद | उम्मेदवारको नाम,थर | चिन्ह (✓) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

दस्तखत :
सदस्य, निर्वाचन उपसमिति

दस्तखत :
संयोजक, निर्वाचन उपसमिति

मिति :

समय :

अनुसूची-१६
(निर्वाचन निर्देशिकाको दफा १९(६) सँग सम्बन्धित)

## अनुमति पत्र

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सदस्य पदहरूको मिति : ............................................ मा हुने निर्वाचनमा मतदान/मतगणनाको प्रयोजनको लागि मतदान/मतगणना स्थलमा प्रवेश गर्न निम्न व्यक्तिलाई यो अनुमति पत्र दिइएको छ। यो अनुमति पत्रको अवधि मतदान/मतगणना कार्य समाप्त नभएसम्म वा निर्वाचन अधिकृत/मतदान अधिकृतले रद्द नगरेसम्म कायम रहने छ।

१. नाम थर:

२. उमेर:

३. ठेगाना:

४. कर्मचारी भए कार्यालय र दर्जा:

**दस्तखत :**
**सदस्य, निर्वाचन उपसमिति**

**दस्तखत :**
**संयोजक, निर्वाचन उपसमिति**

**मिति :**

**समय :**

अनुसूची-१७
(निर्वाचन निर्देशिकाको दफा २१(४) सँग सम्बन्धित)

## मत गणनाबाट प्राप्त सदर तथा बदर मत विवरण मुचुल्का

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सदस्य पदको निर्वाचनको मतगणना अनुसार मतदान भएको जम्मा .................. मतमध्ये .................. मत वदर भएको र .................................. सदर मतमध्ये उम्मेदवारहरूले निम्न वमोजिम सदर मत प्राप्त गरेको हुँदा सोही वमोजिम घोषणा गरी यो मुचुल्का गरि दियौं ।

| उम्मेदवारको नाम, थर | आजीवन/साधारण सदस्यता नं. | प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

१. उम्मेदवार ............................................... प्रतिनिधि श्री ....................................................

२. उम्मेदवार ............................................... प्रतिनिधि श्री ....................................................

३. उम्मेदवार ............................................... प्रतिनिधि श्री ....................................................

**दस्तखत :**
**सदस्य, निर्वाचन उपसमिति**

**दस्तखत :**
**संयोजक, निर्वाचन उपसमिति**

**मिति :**

**समय :**

JICA ALUMNI ASSOCIATION OF NEPAL 1973 JAPAN

अनुसूची-१८
(निर्वाचन निर्देशिकाको दफा २३(३) सँग सम्बन्धित)

## निर्वाचन परिणाम

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सदस्य गरी देहायका पदमा देहायका उम्मेदवारहरूले देहाय अनुसारको मत प्राप्त गरेको निर्वाचन परिणाम सम्बन्धित सबैको जानकारीका लागि घोषणा गर्दछौं ।

| सि.नं. | उम्मेदवारको नाम, थर | पद | आजीवन/साधारण सदस्यता नं. | प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

दस्तखत :
सदस्य, निर्वाचन उपसमिति

दस्तखत :
संयोजक, निर्वाचन उपसमिति

मिति :

समय :

Bina Kalika Shrestha

अनुसूची-१९
(निर्वाचन निर्देशिकाको दफा २४(१) सँग सम्बन्धित)

# नेपाल जाइका अलमनाई एसोसिएसन (जान)

**बल्खु, काठमाडौं ।**

## प्रमाण-पत्र

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को मिति .................. मा सम्पन्न निर्वाचनमा अध्यक्ष / उपाध्यक्ष / महासचिव / सचिव / कोषाध्यक्ष / सहकोषाध्यक्ष / सदस्य पदमा तपाई श्री ........................ निर्वाचित हुनु भएकोले नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को निर्वाचन निर्देशिकाको दफा २४(१) बमोजिम हार्दिक बधाईका साथ यो प्रमाण-पत्र प्रदान गरिएको छ ।
तपाईको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

| ......................... | ......................... | ......................... |
|---|---|---|
| **सदस्य** | **सदस्य** | **संयोजक** |
| **निर्वाचन उपसमिति** | **निर्वाचन उपसमिति** | **निर्वाचन उपसमिति** |

**मिति :**

JICA ALUMNI ASSOCIATION OF NEPAL
1973
JAAN

अनुसूची-२०

(निर्वाचन निर्देशिकाको दफा २४(१) सँग सम्बन्धित)

## सपथग्रहण

नेपाल जाइका अलमनाई एसोसिएसन (जान) को कार्यसमितिको अध्यक्ष/उपाध्यक्ष/महासचिव/सचिव/कोषाध्यक्ष/सहकोषाध्यक्ष सदस्य पदमा निर्वाचित म ........................................................ ले जानको विधान वमोजिम अलमनाई र यसका सदस्यहरुको भलाई र विकासको निम्ति मन, वचन र कर्मले निस्वार्थ भावले इमान्दारीपूर्वक कर्तव्यनिष्ट भै काम गर्नेछु भनी सम्पूर्ण सदस्यहरू बीच सपथ लिन्छु ।

..........................................

**निर्वाचित व्यक्तिको सही**

**नाम, थर :**

**पद :**

..........................................

**संयोजक**

**निर्वाचन उपसमिति**

**नेपाल जाइका अलमनाई एसोसिएसन (जान)**